# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन, योजना तथा अनुगमन शाखा)


## च्याफकटर मेशिन खरिद सम्बन्धि बोलपत्र आह्वानको सुचना
## प्रथम पटक प्रकाशित मिति २०७९।१०।२८

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०७९।०८० को पशु विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम तर्फ ५०% अनुदानमा च्याफकटर मेशिन वितरण तथा दुवानीका लागि रकम विनियोजित भएकोले तपशिल बमोजिम बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक ईजाजत प्राप्त फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको बोलपत्र आह्वान गरिएको छ ।

शर्तहरु

१. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको राजस्व उपशाखामा रु.३०००।०० (अक्षेरुपी रु तीन हजार मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सूचिमा नहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था, कम्पनी तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले बोलपत्र सम्बन्धि कागजात (TENDER DOCUMENT) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रस्टसंग भरी सम्बन्धित फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा बोलपत्र गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० वजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र धरौटी वापतको रकम यस नगरपालिका कार्यालयको माछापुच्छ्रे वैक लिमिटेड ढल्केवर शाखामा रहेको धरौटी खाता नं. १११५००७९५८७१०००४१ मा नगद जम्मा गरी सोको सक्कलै बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस नगरपालिका कार्यालयको नाममा जारी गरिएको विड वण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विड वण्डको मान्यता हुने छैन ।

४. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको बोलपत्र पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त बिपरित भएको बोलपत्र उपर कारबाही हुने छैन ।

५. बोलपत्र भर्दा स्पष्ट रुपमा भर्नुपर्ने छ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन, योजना तथा अनुगमन शाखा)

६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा सोको भोलिपल्ट वा बिदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. बोलपत्र सम्बन्धि थप जानकारी लिन परेका यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

८. बोलपत्रबाट खरिद गरिने च्यापकटर मेशिनको न्युनतम मापदण्डको विवरण बोलपत्र फारम साथ संलग्न हुनेछ ।

९. यस सूचनामा नसमेटिएको अन्य थप विषयवस्तुको हकमा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावाली, २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१०. एक फर्म, पसल, संस्था, कम्पनी वा निर्माण व्यवसायीको नाममा खरिद भएको बोलपत्र फारम अर्को फर्म, संस्था, पसल, कम्पनी तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाईने छैन ।

११. कुनै कारण जनाई वा नजनाई आंशिक वा पुरै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

१२. प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा कार्यालयको वेभसाईट www.mithilamun.gov.np मार्फत जानकारी गराईनेछ ।

तपशिलः

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | स्वीकृत रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु/०१/२०७९/०८० | च्यापकटर मेशिन खरिद ढुवानी तथा फिनिसिङ्ग समेत | ३०,००,०००।– (अ.रु. तीस लाख मात्र) | ५% ले हुन आउने रकम | ५०% अनुदान सहित |

प्रमुख प्रशासकीय अधिकृत